निर्वाचन समिति

गैर आवासीय नेपाली संघ, काठमाडौं

विषय : अचार संहिता परिपालना सम्वन्धमा ।

गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारीहरुको मिति २०८०।७२ (अक्टोवर १९, २०२३) मा हुने निर्वाचन प्रयोजनको लागि गैरआवासीय नेपाली संघ, निर्वाचन नियमावली, २०२१ (संशोधन २०२३) को नियम ४(१) को समेतको व्यवस्था बमोजिम सम्वन्धित सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

(१) अन्तराष्ट्रिय समन्वय परिषदको पदाधिकारी पदका उम्मेदवार, मतदाता एवं सरोकारवाला व्यक्तिहरुले गैरआवसीय नेपाली संघ, निर्वाचन आचारसंहिता, २०२१ (संशोधन, २०२३) पूर्ण रुपमा परिपालना गर्नु गराउनुपर्नेछ ।

(२) मतदाता वा उम्मेदवारलाई प्रभाव वा असर पार्नेगरी व्यक्तिगत वा सामूहिक रुपमा मतदान केन्द्र वा परिसर भित्र कुनै उम्मेदवारको नाम, फोटो उल्लेखित टिसर्ट, लुगा टोपी वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, व्याच, व्यानर, ब्रोसर वा निर्वाचनलाई असर पार्ने गरी कुनै संकेत जनाउने कपडा वा अन्य सामाग्री प्रयोग वा प्रदर्शन गर्न पाइनेछैन ।

(३) उम्मदेवार, मतदाता एवं सरोकारवाला व्यक्तिको तर्फबाट निर्वाचन प्रतिकुल हुने कुनै पनि कार्य प्रत्यक्ष अप्रत्यक्ष रुपमा गर्न गराउन पाइनेछैन ।

(४) विद्युतीय माध्यमबाट मतदान गर्ने क्रममा एकै ठाउँमा समूहवद्द भै एक आपसमा सल्लाह गरेर मतदान गर्न गराउन पाइनेछैन । मतदाताले मतदान गरेको क्षेत्रको पहिचान (Geographical Tracking) हुने हुदा निश्चित संख्या भन्दा बढी मतदाताले एकै स्थान वा एउटै IP Address बाट मतदान गर्ने प्रयास गरेको पाइएमा सम्वन्धित Voting Company ले नियमित निगरानी गरी निषेध गर्न सक्ने हुँदा सो कार्य नगर्न हुन अनुरोध छ ।

(५) मतदाताले विद्युतीय माध्यमबाट गरेको मतदानको तस्विर खिचि सार्वजनिक गर्न गराउन पाइनेछैन ।

(६) मतदातालाई प्रभावमा पार्ने उद्देश्यले कुनै पनि उम्मेदवारले होटल, रेष्टुरेन्ट, क्याफे आदिमा भेला गरी गराई भोज भतेर गर्न गराउन पाइनेछैन ।

(७) नेपालस्थित मतदान स्थलमा मोवाइलफोन बोक्न पाइनेछैन ।

(८) निर्वाचनको क्रममा निर्वाचन समितिले जारी गरेको लिखित एवं मौखिक निर्देशनको पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

(९) उम्मेदवारहरुले एक आापसमा प्रतिकुल असर पर्न सक्ने कुनैपनि काम गर्न गराउन पाइनेछैन ।

निर्वाचन समिति

| | | | | |
|---|---|---|---|---|
| यादव प्रसाद ढुंगाना | टि.वि. कार्की | मन के.सी | भुषण घिमिरे | चिरञ्जिवी ढकाल |
| प्रमुख निर्वाचन अधिकृत | सदस्य | सदस्य | सदस्य | सदस्य |

मिति : २०८०।६।३० गते

समय: ०३:००

स्थान: गैरआवासीय नेपाली संघ, काठमाडौं ।